जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १५२ २०७६ साल पुस २९ गते मंगलबार (14 Jan. 2020 Tuesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वतः बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : राष्ट्रिय सभाको निर्वाचन ... ३ पृष्ठमा : प्रदेश नं. २ मा सबैभन्दा... ३ पृष्ठमा : बेलायती राजपरिवारमा ...

# एउटै नगरपालिकाका दश फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २८ पुस ।**

सप्तरी प्रहरीले एकै दिन एउटै नगरपालिकाका १० जना फरार प्रतिवादीहरुलाई पक्राउ गरेको छ ।

यसअघि एकै दिन १७ जना फरार अभियुक्तलाई पक्राउ गर्न सफलता प्राप्त गरेको प्रहरीले फेरी एकै दिन १० जना फरार प्रतिवादीलाई पक्राउ गर्न सफल भएको छ ।

सप्तरी प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद सजाय सुनाइएका र फैसला नहुँदै फरार रहेका प्रतिवादीहरु पक्राउ गर्न अभियान थालेपछि सो सफलता प्राप्त गरेको हो ।

तीन महिलासहित पक्राउ परेका सबै १० जना सप्तरीको खडक नगरपालिकाकै हुन् । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरिक्षक तिलक भारतीका अनुसार पक्राउ पर्नेहरुमा कुटपट मुद्दाका सर्वाधिक ७ जना छन् । सो मुद्दाका पक्राउ पर्ने फरार प्रतिवादीहरुमा खडक नगरपालिकाका हरेराम साह, सशत्रुहन साह, अमिन मियाँ, जमिला खातुन, सदाय मियाँ, अनेसुन खातुन र सनाबुल मियाँ छन् ।

यस्तै सवारी ज्यान मुद्दाका इनरलाल साह, जालसाजि मुद्दाका इस्लाम मियाँ र गाली बेइजती मुद्दाका फरार प्रतिवादी घुरनीदेवी यादव पनि पक्राउ परेका छन् । उनीहरु पनि खडक नगरपालिकाकै बासिन्दा रहेको प्रहरी नायब उपरिक्षक भारतीले जानकारी दिए ।

आइतबार साँझ पक्राउ परेका उनीहरुलाई सोमबार सप्तरी जिल्ला अदालतमा बुझाइएको डिएसपी भारतीले बताए । यो सँगै एक महिनाको अवधीमा विभिन्न अपराधका फरार अभियुक्त पक्राउ पर्नेको संख्या ५२ पुगेको छ ।

यता प्रहरी उपरिक्षक कृष्ण प्रसाइले अपराध नियन्त्रणका लागि चलाइएको अभियान उपलब्धीमूलक बन्दै गएको भन्दै यसमा सघाउन सबैसँग आग्रह समेत गरेका छन् ।

# वडा अध्यक्षको निधन



**दैनिक समाचारदाता**
**राजविराज, २८ पुस ।**

सप्तरीको सुरुङ्गा नगरपालिका वडा नं. १ का ५५ वर्षिय अध्यक्ष मुक्ति कार्कीको आइतबार साँझ निधन भएको छ । उनको सोमबार अन्त्येष्टि गरिएको छ ।

गत स्थानीय तह निर्वाचनमा तत्कालीन नेकपा एमालेबाट वडध्यक्षमा निर्वाचित अध्यक्ष कार्की केही समयदेखि अस्वस्थ रहँदै आएका थिए । उनका श्रीमती, २ छोरी र १ छोरा छन् ।

यता वडाध्यक्षको निधनमा शोक मनाउन सोमबार नगरपालिका र मातहतका कार्यालयमा बिदा गरिएको गरपालिकाका प्रमुख मुक्तिनाथ चौधरीले जानकारी दिएका छन् ।

# उमा सिंहको स्मृतिमा अक्षयकोष स्थापना

**दैनिक समाचारदाता**
**धनुषा, २८ पुस ।**

स्वर्गीय सञ्चारकर्मी उमा सिंहको स्मृतिमा जनकपुरधाम उपमहानगरपालिकाले

*बाँकी अन्तिम पृष्ठमा*

# भरुवा बन्दुकसहित दुई सिकारी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २८ पुस ।**

प्रहरीले सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ गोरपार वन क्षेत्रबाट सिकार गर्दै गरेका दुई जनालाई एक थान भरुवा बन्दुकसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा कंचनरुप नगरपालिका १ बस्ने ४० वर्षिय बाबुलाल चौधरी र सप्तकोशी नगरपालिका १० बस्ने ३० वर्षिय रबिन तामाङ छन् ।

उनीहरुको साथबाट भरुवा बन्दुक एक थान, त्यसमा प्रयोग हुने २५ थान सर्रा र केही मात्रामा बारुद्ध बरामद गरिएको तथा नियन्त्रणमा राखी आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

अवैध रुपमा वनजंगल क्षेत्रभित्र बन्दुक लिएर दुई यूवक सिकार खेल्न पुगेको खबर पाएपछि सशस्त्र प्रहरी बल भारदह वेश क्याम्पबाट प्रहरी सहायक निरिक्षक बैजनाथ झाको कमान्डमा खटिएको टोलीले उनीहरुलाई पक्राउ गरेको हो ।

# प्रदेश सरकारद्वारा महतो परिवारलाई पाँच लाख आर्थिक सहयोग

**दैनिक समाचारदाता**
**धनुषा, २८ पुस ।**

धनुषाको मिथिला नगरपालिका ५ स्थित औरही खोलामा बालुवा, गिट्टी उत्खनन्को विरोध गर्दा हत्या गरिएको दिलिप महतोको परिवारलाई प्रदेश २ सरकारले पाँच लाख आर्थिक सहयोग गर्ने निर्णय गरेको छ ।

सोमबार बिहान बसेको मन्त्रिपरिषद्को बैठकले मृतक परिवारलाई पाँच लाख रुपैया आर्थिक सहयोग गर्ने निर्णय गरेको आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्र कुमार यादवले जानकारी दिएका छन् ।

अवैध उत्खनन् गर्दै आएका क्रसर संचालाक विपीन लगायतका व्यक्तिले गएको शुक्रवार विहान गाडीको लिभरले हानेर घाइते बनाई खोलामा टाउकोमै टिपर चढाएर हत्या गरेका थिए ।

यता दिलिपको हत्यामा संलग्न चार जनालाई प्रहरीले पक्राउ समेत गरेको छ ।


# सप्तरी र सिरहामा १३ सय गाँजाका बोटहरु नष्ट


**दैनिक समाचारदाता**
**राजविराज, २८ पुस ।**

प्रहरीले समुदायिक प्रहरी साझेदारीको अवधरणा अनुरुप लागु पदार्थ बिरुद्ध चलाउँदै आएको अभियान अन्तरगत सोमबार गाँजाका बोटहरु फडान गरि नष्ट गरेको छ ।

सप्तरीको महादेवा गाउँपालिका ६ स्थित स्थानियहरुको घरमा अवैध रुपमा लगाइएको ८ सय गाँजाका बोटहरु फडान गरि नष्ट गरेको हो ।

*बाँकी अन्तिम पृष्ठमा*




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →




**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

### राजश्व बृद्धि गर्ने तर्फ ध्यान पुगोस्

सप्तरीसँग टाँसिएको सबै भारतीय सीमा नाकाहरु खुल्ला रहेका छन् । ती सीमा नाकाहरुमा भन्सार वा प्रहरीको एउटा चेक पोष्ट बाहेक कुनै प्रकारको घेरवार छैन् । जसले गर्दा तस्कारीहरुले खुलेआम भन्सार छलेर सामानहरु नेपालतर्फ सजिलै आयात गर्न भ्याउँछन् । यती मात्र नभएर सानो सानो पोका पारेर दिनरात गरि ट्रकका ट्रक सामानहरु नेपालतर्फ आउने गरेको छ । सीमा सुरक्षा पोष्टमा सशस्त्र प्रहरीको निगरानी हुँदा हुँदै पनि तस्कारीहरुले विभिन्न सामानहरु सजिलै सीमा पार गरिरहेका छन् ।

सप्तरीको मुख्य भन्सार भनेको तिलाठीको बेल्ही भन्सार हो । यस भन्सारबाट पनि भन्सार छलेका सामानहरु नेपालतर्फ आउने गरेको पाइन्छ । नेपाल र सशस्त्र प्रहरीको निगरानी समेतलाई पार गर्दै तस्करहरुले सामानहरु आरपार गर्ने गरेका छन् । सोही नाकाबाट भन्सार नकाटी अवैध रुपमा ट्रकमा लोड गरि सामानहरु भारतीय सीमामा पुग्ने गर्दछन् । यसरी हेर्दा ती सामानहरु कसैको मिलोमतो बिना ओसारपोसार गर्न सकिन्न् ।

यस्ता अवैध किसिमले भन्सार छलेर दुबै मुलुकमा सामान आयात निर्यात गर्ने कामलाई सम्बन्धीत निकायले कडा रुपमा निगरानी गर्नु पर्ने आवश्यकता रहेको छ । अनिमात्र सप्तरीको राजश्व बृद्धि हुन्छ । राज्यको राजश्व वृद्धि गराउन र तस्करी रोक्न पनि त्यस्ता तस्करहरुलाई नै पक्राउ गरी कारबाही प्रक्रियामा ल्याउनु समेत उत्तिकै आवश्यकता रहेको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# राष्ट्रिय सभाको निर्वाचन पार्टीहरुको प्रतिष्ठाको लडाई



**अमरनाथ मण्डल**

राष्ट्रिय सभाको निर्वाचित सन्दर्भमा प्रदेश २ मा दुई वटा सिटको पार्टीहरुले प्रतिष्ठाको प्रश्न बनाएको छ । मधेश आन्दोलनबाट स्थापित पार्टीहरु राजपा र तत्कालिन फोरम र हाल समाजवादीले काँग्रेस र नेकपासँग समझदारी गरी आ-आफ्ना उम्मेदवारहरु मैदानको रनभुमिमा उतारेका छन् । प्रदेश नं. २ मधेशका जिल्लाहरु र राजपा र समाजवादीका बढी स्थानीय निकाय प्रदेश जनप्रतिनिधिमा विजय हासिल गरेको अवस्थामा केन्द्रिय राज्य संचालन गर्ने पार्टीहरु मध्येमा काँग्रेस र नेकपाले प्रदेश दुईमा समाजवादी र राजपाको काँधामा चढी आ-आफ्नो विजयी सुनिश्चित तिर अग्रसर भएका छन् । जम्मा ९९४८ मत रहेका मतदाता मध्येमा राजपा र नेकपाको संयुक्त पक्षमा ५२०२ र काँग्रेस र समाजवादीको पक्षमा ४७४६ मतको संख्या रहेको अवस्थामा ४५६ मत राजपा र नेकपाको गठबन्धनलाई अग्रता पाई रहेको अवस्थामा विभिन्न किसिमका राजनैतिक विशेषण निर्वाचन समिक्षा भईरहेको छ ।

राष्ट्रिय सभाको निर्वाचनमा आ-आफ्ना पार्टीले आफ्ना तर्कहरुको साथ विश्लेषण गरिहेको सन्दर्भमा समाजवादीका एक जना केन्द्रिय बरिष्ठ नेताले यस स्तम्भकारसँग कुरा गर्दा खेरी आफूहरुको जित सुनिश्चित रहेको धारणा राख्नुभएको अवस्थामा उहाँको भनाई अनुसार काँग्रेस प्रतिपक्षमा रहेको र समाजवादी आन्दोलनबाट जन्म भएको पार्टी रहेकोले काँग्रेस समाजवादी मधेशप्रति आस्था र निष्ठा राख्ने पार्टी रहेको सन्दर्भमा मधेशी अर्थात मधेशवाद अवधारणा बोकेका मतदाताहरु आफू पक्षमा मतादान गर्ने विश्वास व्यक्त गरेका छन् । त्यस्तै राजपा एक जना केन्द्रिय नेताले यस स्तम्भकारसँग निर्वाचन सन्दर्भमा कुरा गर्दा खेरी आफूहरु मधेश मुद्दालाई अगाडी बढाएको र मधेश मुद्दाको लागि सधैं लडिरहेको पार्टी भएको हुनाले तथा महान मधेश आन्दोलनमा आफूहरुको भुमिका कसैसँग नछुटेको कारण राजपा मधेशवाद पार्टी भएकोले मधेश प्रति आस्था र निष्ठा राख्ने मतदाताले आफू पक्ष मत हाल्ने विश्वास व्यक्त गरेका छन् । अर्को प्रश्नको सन्दर्भमा उहाँसँग गरेको कुरामा तपाईहरु भोलीका दुश्मन तथा विरोधी नेकपासँग तालमेल गरेको के नेकपासँगको तालमेलको कारण मधेशी मतदाता तथा आफ्नै पार्टी भित्र अन्तरविरोध हुन्छ कि भन्ने प्रश्नमा उहाँले हामी राजनैतिकमा सधैं विरोधी र समर्थन हुँदैन । समय परिस्थिति अनुसार मधेशको हितको लागि हामीले नेकपासँग राष्ट्रिय सभा दुई सिट सुरक्षितको लागि सम्झौता गरेको तसर्थ भोलीका दिनमा नेकपासँग आपसी समझदारी वहाँहरुको मानसिकता माथि नै निर्भर पर्ने व्यक्त गर्नुभयो ।

अर्थातमा राजपा र समाजवादीको प्रबल क्षेत्र रहेको प्रदेश नं. २ मा मतको क्रोस हुने अड्कलवाजीहरु कम भई रहेको छैन । जस अड्कलवाजीमा जातीय समिकरणलाई जोडेर हेरिहेको अवस्थामा अहिलेको परिस्थिति अनुसार राजपा र नेकपाको गठबन्धनको ४५६ मतले अगाडी देखिएको छ । राष्ट्रिय सभामा मतदाता रहेका मतदाताहरु आफूहरु पार्टी हाक्ने नेता रहेको तथा पार्टीबाट निर्वाचित रहेको सन्दर्भमा पार्टीको सिद्धान्त मर्म भावनाबाट पछाडी नहट्ने तर्क मतदाताहरुको रहेको छ । अहिले भर्खरै काँग्रेसका दुई जना स्थानीय जनप्रतिनिधिहरुलाई पार्टीबाट निष्काशन गरी निर्वाचन आयोग तथा अदालतमा निवेदन दिएको सन्दर्भमा उहाँ दुई जनाको पदरिक्त रहेको अवस्थामा स्थानीय जनप्रतिनिधिहरुले पार्टीको विरुद्ध मतदान गर्ने अवस्था अहिलेको सन्दर्भमा देख्दैन । तर निर्वाचन भएकोले निर्वाचनको सन्दर्भमा कसको जित हुन्छ ? कसको हार हुन्छ ? भन्न सक्ने अवस्था रहेको छैन । सप्तरीबाट राजपाका दुई जना उम्मेदवारलाई पार्टीले सप्तरीकै प्रमुखता दिएको कारण अन्य जिल्लाका नेता तथा प्रतिनिधिहरु राजपाका अध्यक्ष मण्डलका सदस्यहरुसँग रुष्ट रहेको श्रोतको दावी रहेको अवस्थामा तिनीहरुको सन्तुष्टि निर्वाचन माथि प्रभाव पर्ने अड्कलवाजी पनि आफ्नै ठाउँमा रहेको छ । तसर्थ मधेश र मधेशी जनताको भावना अनुसार मधेशी दलहरुमा आपसी समझदारी भई राष्ट्रिय सभाको निर्वाचनमा सहभागिता भएको भए भन्ने अवस्थामा मधेशवाद अझै मजबुज हुने तर्कहरु मधेशी बुद्धिजिवीहरुको रहेको छ । राष्ट्रिय सभाको लागि गरिएको दुइ बुन्दे सहमति राजपाले आफू कार्यकर्ताको विश्वास जित्न सफल भईरहेको छैन भने कार्यकर्ताहरुको बिचमा नेकपासँग गरिएको सम्झौता पनि पचिरहेको अवस्था छैन । तर समाजवादीले नेकपासँग सम्झौता गरी सरकारमा गएको र उपेन्द्र जीले मन्त्री भएको सन्दर्भ र जिक्रलाई आधार बनाई राजपाले आफ्नो कार्यकर्ताहरुलाई चित बुझाईरहेको छ तर मधेशमा भएको लामो महान आन्दोलनको मर्म भावना संविधान संशोधन नागरिकता समस्या विभेदीकरणको अन्त्य समान्ताको हक तथा मधेशी, आदीबासी, जनजाती, मुस्लिम, दलित, पिछडिएका वर्गको हकहितको सबालहरु जहाँको त्यही छ । आन्दोलनमा सैयौं मधेशी वीर सपुतहरुले दिएको सहादत र हजारौं घाइते भएका वीर मधेशी आन्दोलनकारीहरु पीडाको भावना र उहाँहरुको बलिदानीको सम्मान तिर मधेशका यी दुई दल राजपा र समाजवादी आफूमा सक्षम नभई रहेको स्पष्ट देखिन्छ ।

कुनै पनि विद्रोहको आन्दोलन, कुनै पनि अधिकार प्राप्तिको आन्दोलन र कुनै पनि शासक वर्गको शासन पद्धतिको विरोधमा थालिएको आन्दोलन त्यति सजिलोसँग सफलता हात पाउने सक्दैन । त्यसको लागि आन्दोलनहरुले समय समयमा दिई रहेका जनादेशलाई सम्मान गरी आफूसँग रहेका शक्तिहरुलाई सञ्चय गरी आफूसँग स्हार्दपूर्ण वातावरण तथा सिद्धान्त मिल्ने पार्टीहरुसँग एकताको परिपार्टीलाई सधैं बलियो राखी आन्दोलनको शंखनांदलाई बलियो बनाई समय र पस्थितिको पर्खाईमा बस्नुपर्छ । विभिन्न देशमा भएका अधिकार प्राप्तिका आन्दोलनको लडाईमा दक्षिण अफ्रिकामा नेन्सन मण्डेला वर्षौं वर्षसम्म जेल बसी आन्दोलनलाई निरन्तरता दिएका थिए भने भारतका स्वतन्त्रता संग्राममा महात्मा गान्धी, सुभाषचन्द्र बोस, जय प्रकाश नारायण, राम मनोहर लोहिया जस्ता नेताहरु ले वर्षौं वर्ष जेल जिवन बिताई संघर्षलाई वर्षैंसम्म निरन्तरता दिई अजादी पाएका छन् । हामीले इतिहासबाट धेरै कुराहरु सिक्ने अवसर रहेको सन्दर्भमा विश्वमा लामो समयसम्म ऐतिहासिक महान आन्दोलनको भावनाको सम्मान गर्नु मधेशवाद पार्टीहरुको धर्म र नैतिकता खोज्ने रहेको अवस्था आफू बीच टुटफुट गुट नगरी मधेशवादी नेताहरु साताको प्यारा नरहेको सार्थक सिद्धलाई बलियो बनाएनुपर्ने अवस्था रहेको छ । राष्ट्रिय सभामा गरेका सम्झौता तथा समाजवादीले नेकपासँग गरेका सम्झौता र गएका सरकारमा सबै कुराहरुलाई थाति रहेका भोलीका दिनमा अभियासको साथ मधेशवादी दलहरु आपसी समझदारी गर्नुपर्ने अगाडी बढ्नुपर्ने जनभावना रहेको छ तथा नेकपा र काँग्रेसले पनि मधेश नेपालको एउटा अभिन्न अंग रहेको र मधेश बिना नेपाल पुरक नहुने अवस्थामा मधेशी जनताले गरेका आन्दोलनहरुको तथा काँग्रेस र नेकपाले विभिन्न समयमा गरेका सम्झौताहरुको कार्यान्वयन तथा विश्वासको अवस्था सिर्जनाको लागि विगतमा गरिएका सम्झौताहरुको परिपालनको लागि मधेश हितको लागि, संविधान संशोधन विषय तथा मुद्दालाई संसदमा अगाडी बढाउनुपर्ने अवस्था देखिन्छ । यसबाट यी दुई दलहरुले मधेशमा गुमाएका आफ्नो विश्वासहरु भोलीका दिनमा कायम गर्न सक्ने अवस्थाको सिर्जना हुन्छ । राजपाले नेकपासँग गरेको सम्झौता राष्ट्रिय सभा निर्वाचनको लागि गरिएको छ भने त्यसमा मधेशको हितको लागि संविधान संशोधनका लागि तथा मधेशीहरुको अधिकारको

*बाँकी अन्तिम पृष्ठमा*


## शीतलहरका बेला निम्न सावधानीहरु अपनाऔं ।

- चिसोबाट बच्न खुट्टादेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर दोहोर हुने ब्यवस्था मिलाऔं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थ प्रशस्त मात्रामा सेवन गरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आईपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती ध्यार ध्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छर छिमेकमा कोही विरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।
- सुत्ने कोठामा आगो, कोइला बालेपछि झ्याल ढोका बन्द गरेर नसुतौं । त्यसो गरेमा श्वास फेर्न नसकी निस्सासिएर मृत्यु समेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई नछाडौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं । घुर बालेर निगरानी गर्ने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।

अनुरोधकर्ता

बलान विहुल गाउँपालिका, सप्तरी

# प्रदेश नं. २ मा सबैभन्दा बढी भ्रष्टाचार

काठमाडौं, २८ पुस (रासस)।

बढी भ्रष्टाचार हुने प्रदेशमा प्रदेश नं २ देखिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमबार राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाएको २९औं वार्षिक प्रतिवेदनमा सो प्रदेशमा २१ दशमलव ५० प्रतिशत भ्रष्टाचार तथा भ्रष्टाचारजन्य गतिविधि भएका उल्लेख गरिएको छ।

यस्तै प्रदेश नं ३ पनि सोही प्रदेशकै हाराहारीमा रहेको छ। काठमाडौँका विभिन्न मन्त्रालय तथा उच्च सरकारी निकायसमेत यही प्रदेशमा भएकाले पनि भ्रष्टाचारजन्य गतिविधि र उजुरी संख्याका आधारमा प्रदेश नं ३ पनि उच्च स्थानमा रहेको हो। सो प्रदेशमा कूल २१ दशमलव १६ प्रतिशत उजुरीको संख्या रहेको छ।

आर्थिक वर्ष २०७५/७६ मा भौगोलिक आधारमा प्रदेश नं १ को आठ दशमलव ८४ प्रतिशत, गण्डकी प्रदेशको छ दशमलव ०७ प्रतिशत, प्रदेश नं ५ को १० दशमलव ९३ प्रतिशत रहेको छ। सबैभन्दा कम कर्णाली प्रदेशको पाँच दशमलव २३ रहेको छ। त्यस्तै सुदूरपश्चिमको सात दशमलव ४० प्रतिशत रहेको छ। बाँकी रहेको १८ दशमलव ८५ प्रतिशत उजुरी गैरकानूनी सम्पत्ति आर्जन एवं नक्कली प्रमाणपत्रको रहेको आयोगका प्रवक्ता प्रदीपकुमार कोइरालाले जानकारी दिनुभयो।

राष्ट्रपति भण्डारीलाई प्रतिवेदन बुझाएपछि आयोगले सोमबार आयोजना गरेको पत्रकार सम्मेलनमा प्रवक्ता कोइरालाले आव २०७५/७६ मा विस्तृत अनुसन्धानबाट ६५३ कारवाही भएका बताउनुभयो। त्यसमा मुद्दा दर्ता गरिएका ३५१, सम्बद्ध निकायलाई सुझाव दिएका १०५, विभिन्न कारवाहीका लागि लेखी पठाइएका ४६, तामेलीमा राखिएका १३७ र मुल्तबीमा राखिएका १० तथा अन्य चार उजुरी रहेका छन्।

आयोगको प्रतिवेदनअनुसार भ्रष्टाचार हुने सूचीमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय शीर्ष स्थानमा रहेको छ। सो मन्त्रालयसँग सम्बन्धित २६ दशमलव ८७ प्रतिशत उजुरी परेका छन्।

यस्तै शिक्षा १६ दशमलव ९५, भूमिसुधार आठ दशमलव ३४, वन तथा वातावरण चार दशमलव ६०, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तीन दशमलव ९८, गृह प्रशासन तीन दशमलव ५४, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था तीन दशमलव ४२, ऊर्जा, जलस्रोत तथा सिँचाइ दुई दशमलव ६२, अर्थ दुई दशमलव ३३, नक्कली शैक्षिक योग्यताका प्रमाणपत्र आठ दशमलव ५३, गैरकानून सम्पत्ति आर्जन सात दशमलव ६१ र अन्य निकाय तथा क्षेत्रसँग सम्बन्धित उजुरी ११ दशमलव ५२ प्रतिशत रहेका छन्।

आव २०७५/७६ मा आयोगमा कूल २४ हजार ८५ उजुरी परेका थिए। त्यसमा सात हजार ८८ उजुरी आव २०७४/७५ बाट सरेर आएका थिए। फछ्र्यौट गरिएका १५ हजार ५२७ उजुरीमध्ये छ हजार ४७ उजुरी प्रारम्भिक छानविनबाट तामेलीमा राखिएको छ। त्यस्तै ५९० उजुरी सुझावसहित तामेलीमा पठाइएको छ। फछ्र्यौट भएका उजुरीमध्ये ८८१ उजुरीमाथि विस्तृत अनुसन्धान गर्ने निर्णय भएको छ भने आठ हजार नौ उजुरीमाथि अन्य कारवाही भएका छन्।

आव २०७५/७६ मा ६५३ उजुरीमाथि कारवाही भएका छन्। आयोगको २९ वर्षे इतिहासमा सोही आवमा सबैभन्दा बढी अर्थात् ३५१ मुद्दा विशेष अदालतमा दर्ता गरिएका छन्। त्यसमा घुस लिएका १४७, नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र ८८, सार्वजनिक सम्पत्तिको हानिनोक्सानी ३९, गैरकानूनी लाभ ३३, राजश्व हिनामिना १०, गैरकानूनी सम्पत्ति आर्जन १२ र अन्य विषयमा २२ मुद्दा रहेका छन्।

आयोगले आव २०७५/७६ मा विशेष अदालतमा दायर भएका ३५१ मुद्दामा ८९४ लाई प्रतिवादी बनाइएको छ। त्यसबापत रु चार अर्ब पाँच करोड ३७ लाख ६३ हजार

*बाँकी अन्तिम पृष्ठमा*


विष्णुपुर गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

विष्णुपुर, सप्तरी, प्रदेश नं.-२, नेपाल

**सूचना। सूचना॥ सूचना॥।**

उपरोक्त सम्बन्धमा यस गाउँपालिका, वडा नं.-३ को लागि चालु आ.व. २०७६/०७७ मा वडा स्तरीय पूर्वाधार विकास कार्यक्रम अन्तरगत संचालन हुने तपसिलका योजनाहरुको उपभोक्ता समिति तथा अनुगमन समिति गठन हुने मिति, समय र स्थानमा उपस्थित भई दिनु हुन सम्बन्धीत सबै सरोकारवालाहरुलाई जानकारीको लागि अनुरोध छ।

| क्र.सं. | योजना/कार्यक्रम | वडा नं. | अनुमानित लागत | उपभोक्ता/कोटेशन/ठेक्का | गठन हुने मिति | समय | स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | अर्जुन ठाकुर घर देखि वगमुही नदी पुल सम्म माटो तथा ग्राभेल कार्य | ३ | ५०००० | उपभोक्ता | २०७६।१०।४ | १०:०० बजे | हनुमान मन्दिरको प्राङ्गणमा |
| २ | भोला साह पसल देखि समपैंत साह मिल हुदै रामा राम घर सम्म माटो तथा ग्राभेल कार्य | ३ | ५०००० | उपभोक्ता | २०७६।१०।५ | १०:०० बजे | हनुमान मन्दिरको प्राङ्गणमा |
| ३ | श्री जनता अधारभुत विद्यालय देखि खुशिलाल खंग घर सम्म माटो तथा ग्राभेल कार्य | ३ | ५०००० | उपभोक्ता | २०७६।१०।६ | १०:०० बजे | वडा कार्यालयको प्राङ्गणमा |
| ४ | राम सुनर घर देखि जितु साह घर सम्म ढला कार्य | ३ | ५०००० | उपभोक्ता | २०७६।१०।७ | १०:०० बजे | हनुमान मन्दिरको प्राङ्गणमा |
| ५ | धाता टोल जागेश्वर मण्डल घर देखि छठु मण्डल घर सम्म माटो तथा ग्राभेल ढलान कार्य वा वढकी पोखरीको पुर्व डीलमा चबुतरा कार्य | ३ | ३०००० | उपभोक्ता | २०७६।१०।८ | ११:०० बजे | बडकी पोखरी नजिक |
| ६ | सकलदेव मण्डल घर देखि पिपल रुख सम्म र श्याम पण्डित घर देखि जगदिश पण्डित घर सम्म माटो ग्राभेल तथा ढलान कार्य | ३ | ५०००० | उपभोक्ता | २०७६।१०।९ | १०:०० बजे | पूर्व टोलको फुलबारीमा |
| ७ | श्याम पण्डित खेत नजिक ह्युमपाइप कैटिङ्ग कार्य | ३ | ३५०००० | उपभोक्ता | २०७६।१०।१० | १०:०० बजे | वडा कार्यालयको प्राङ्गणमा |
| ८ | दिनाभद्री थान निर्माण कार्य | ३ | ३०००० | उपभोक्ता | २०७६।१०।११ | १०:०० बजे | वडा कार्यालयको प्राङ्गणमा |
| ९ | कट्टी टोलमा अधुरो सामुदायिक भवन निर्माण कार्य | ३ | ३५०००० | उपभोक्ता | २०७६।१०।१२ | १०:०० बजे | कट्टी टोलमा |

- प्रमुख प्रशासकिय अधिकृत


## विश्व समाचार

# बेलायती राजपरिवारमा ह्यारी दम्पतिको निर्णय बारे सामूहिक छलफल

लण्डन, २८ पुस (रासस/एएफपी)।

बेलायती राजकुमार ह्यारी दम्पतिको निर्णयका बारेमा सोमबार बेलायती राजपरिवारमा सामूहिक छलफल भएको छ। महारानी एलिजावेथसहित राजपरिवारका वरिष्ठ सदस्य र राजकुमार ह्यारीसमेतका बीचमा छलफल भएको राजपरिवार श्रोतले जनाएको छ।

राजकुमार ह्यारी र उहाँकी पत्नी मेगनले राजपरिवारको जिम्मेवारी त्यागेर आर्थिकरुपमा आत्मनिर्भर हुन आफ्नै तरिकाले काम गर्ने घोषणा गरेको विषयमै छलफल केन्द्रित भएको थियो।

बैठकमा सहभागीले राजपरिवारको जिम्मेवारी त्याग्ने घोषणा फिर्ता लिएर पुनःपहिलेकै अवस्थामा फर्किन आग्रह गरेका थिए।

ह्यारीका पिता तथा युवराज चाल्स र उहाँका भाई विलियमलगायतले पनि ह्यारी दम्पतिलाई राजपरिवारको जिम्मेवारीमा फर्किन आग्रह गर्नुभएको बेलायती सञ्चारमाध्यमले जनाएका छन।

ओमनका सुल्तान काबोसलाई श्रद्धाञ्जलि दिन ओमन पुग्नु भएका युवराज चाल्स उताबाट फर्किएर बैठकमा सहभागी हुनुभएको हो।

मेगन पनि बैठकमा सहभागी हुने अपेक्षा गरिएको थियो। उहाँलाई क्यानाडाबाटै बैठकमा सहभागिताका लागि आउन आग्रह गरिएको थियो। व्यक्तिगत जीवनका लागि उनीहरुले फेरी 'अर्को कदम' चाल्न सक्ने आशंका गरिएको छ।

महारानीले समाधान खोज्दै गर्दा ह्यारी पत्नी मेगन भने केही दिन अगाडी नै क्यानडा जानु भएको थियो। ह्यारी र मेगन क्रिसमसको बिदा मनाउन छोरा आर्चीलाई लिएर क्यानाडा गएर फर्किएपछि अप्रत्याशितरूपमा एउटा विज्ञप्ति प्रकाशित गर्दै उहाँहरुले त्यस्तो घोषणा गर्नुभएको थियो।

ह्यारी र मेगनको घोषणाका कारण राजपरिवारमा खैलाबैला मच्चिएको छ। दरवार श्रोतका अनुसार यस्तो घोषणा गर्नुअघि राजकुमार ह्यारी र मेगनले राजपरिवारका कुनै सदस्यसँग परामर्श गर्नुभएको थिएन। राजपरिवारको विशेष जिम्मेवारी त्याग्ने ह्यारी दम्पतिको घोषणापछि विभिन्न चरणमा भएका बैठक र परामर्श पछि सोमवारको छलफल भएको हो।

# सिरियाको इद्लिबमा हवाई आक्रमण जारी, सात जनाको मृत्यु

इदलिब, सिरिया, २८ पुस (रासस/एएफपी)।

सिरियाको इद्लिब प्रान्तमा रुसआवद्ध सेनाले हवाइ आक्रमण गरेको स जनाइएको छ। सो आक्रमणमा परी कम्तीमा सात जना सर्वसाधारण मारिएका सोमबार बिहान प्राप्त समाचारमा जनाइएको छ।

मारिएका सर्वसाधारणमा केही बालबालिका पनि परेका मानवअधिकारवादी संघसंस्थाले जानकारी दिएका छन्।

'सिरियन अब्जरभेटरी अफ ह्युम्यान राइट्स'ले उक्त इद्लिब क्षेत्रमा केही समय यतादेखि हिंसात्मक हमला नभएकोमा सोमबार यस प्रकारको हमला भएको पाइएको जनाएको छ।

उक्त आक्रमण सोमबार बिहानबाट निरन्तर रहेको बताइएको छ। अधिकारीले यस हवाई आक्रमण रुसआवद्ध रहेको सेनाले गरेको हुन सक्ने अनुमान गरिएको पनि प्राप्त समाचारमा जनाइएको छ।

सिरियाली सरकारको सहयोगमा रुसमा विद्रोहीलाई लक्ष्यगरी रुसी सेनाले विभिन्न प्रान्तमा गर्दै आएको हवाई आक्रमणमा बारम्बार सर्वसाधारणको मृत्यु भएको पाइन्छ।

सिरियामा सन् २०११ को मार्च महिनाबाट यहाँका राष्ट्रपति बसर अल असदको राजिनामाको माग गर्दै जनआन्दोलनमा शुरु भएको थियो। सो जनआन्दोलन केही समयपछि गृहयुद्धमा परिणत भयो।

वर्षौंदेखि जारी गृह युद्धका क्रममा सिरियामा हालसम्म तीन लाख ७० हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ। यहाँको यस प्रकारको गृहयुद्धबाट लाखौं व्यक्ति घाइते भएका बताइएको छ। त्यसैगरी यहाँको हिंसामा परी दशौं लाख व्यक्ति देशभित्र र छिमेकी देशमा शरणार्थी बन्न बाध्य भएका छन्।

# कारागारमा भएको हत्याबारे अनुसन्धान जारी

मेक्सिको सिटी, २८ पुस (रासस/सिन्ह्वा)।

मेक्सिकोको एक कारागारमा एक हप्ताअघि कैदीबीच भएको झडपको क्रममा कम्तीमा १६ कैदीको मृत्यु भएको विषयमा अनुसन्धान जारी रहेको बताइएको छ।

मेक्सिकोको उत्तरी क्षेत्रमा पर्ने जाकातेकास क्षेत्रमा रहेको कारागारमा सो झडप भएको थियो। उक्त झडपका कारण १६ कैदीको ज्यान जानुको साथै अरु दर्जनौं व्यक्ति घाइते पनि भएका थिए। स्थानीय सञ्चारमाध्यमले दिएको जानकारीअनुसार उक्त झडपबाट धेरै व्यक्तिको ज्यान गएकोले यसको कारणको बारेमा यहाँको गृहप्रशासनले अनुसन्धान थालेको छ।

प्रदेश राजधानी जाकातेकासदेखि १३ किलोमिटर टाढा पर्ने सिएनेगुइल्लासमा घटना भएको अधिकारीले जनाएका थिए। यस विषयमा अनुसन्धान जारी रहेको र केही दिनमा यसको कारण स्पष्ट गरिने बताइएको छ।

प्रारम्भिक अनुसन्धान प्रतिवेदनअनुसार सो कारागारमा सयौं व्यक्ति रहेकाले ठूलो क्षतिको त्रास रहेकोमा स्थानीय प्रहरीले तत्कालै हस्तक्षेप गरेर नियन्त्रणमा लिएका कारण ठूलो क्षति हुनबाट रोकिएको थियो। मेक्सिकोका कारागारमा यस्ता झडप समय समयमा हुने गर्दछन्। यस्ता प्रायःझडप लागूऔषधका कारोबारीमा संलग्न कैदीबन्दीबीच हुने गर्दछ।

# बालबालिकासम्बन्धी ऐन ल्याइने

काठमाडौँ, २८ पुस (रासस)।

सरकारले सडक बालबालिकामुक्त नेपाल निर्माण गर्ने उद्देश्यले छिट्टै बालबालिकासम्बन्धी ऐन ल्याउने भएको छ। सरकारले लामो समयदेखि काठमाडौँ उपत्यकाका विभिन्न सहरबाट बालबालिको उद्धार अभियानसमेत सञ्चालन गर्दै आएको छ।

सडकका बालबालिकालाई उद्धार मात्रै गर्नेभन्दा पनि सडकमा जानै नदिने गरी बालबालिकासम्बन्धी ऐन ल्याउने कामलाई अघि बढाइएको मन्त्रालयले जनाएको छ। सरकारले सडक बालबालिका संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ जारी गरी आर्थिक वर्ष २०७३/७४ देखि काठमाडौँ उपत्यका 'बालबालिका सडकमा बस्नु पर्दैन, सडकमा बस्न हुँदैन' भन्ने उद्घोषसाथ सञ्चालन गरिएको कार्यक्रमबाट २०७६ साल असार मसान्तसम्म एक हजार ११ (९०३ बालक र १०८ बालिका) बालबालिकाको उद्धार तथा व्यवस्थापन गरिएको छ। उद्धार गरिएकालाई परिवारमै पुनर्मिलनसँगै उचित व्यवस्थापन गरिएको छ। विगत पाँच महिनामा काठममाडौँ उपत्यकाबाट ७० सडक बालबालिकाको उद्धार गरिएको राष्ट्रिय बालअधिकार परिषद्ले जनाएको छ।

महिला मन्त्रालय, बालबालिका खोजतलास समन्वय केन्द्र र सामाजिक विकास मन्त्रालयको समन्वयमा प्रदेश १ का मुख्य सहरका सडकमा पुगेका बालबालिकाको खोजी तथा उद्धारका लागि यही पुस १८ गतेदेखि रात्रिकालीन अभियान शुरु गरिएको छ। 'सुनिश्चित बाल अधिकार : समृद्ध नेपालको आधार' नारासाथ मन्त्रालयले प्रदेश १ मा सडक बालबालिका खोजी तथा उद्धारको अभियानको थालनी गरेको छ। बालबालिकालाई सडकमा जान बाध्य हुने अवस्था आउन नदिने मन्त्रालयले बालबालिकासम्बन्धी ऐन संशोधनको कामलाई अघि बढाइएको सचिव चन्द्रकुमार घिमिरेले जानकारी दिनुभयो।

हालसम्म प्रदेश २ को सप्तरी जिल्लाअन्तर्गत सञ्चनरुप नगरपालिका, प्रदेश ३ को दोलखा जिल्लाअन्तर्गत भीमेश्वर नगरपालिका, गण्डकी प्रदेशको नवलपरासी (बर्दघाट सुस्ता पूर्वअन्तर्गत देवचुली नगरपालिका) र प्रदेश ५ को नवलपरासीको सुनवलसहित चार नगरपालिका बालमैत्री घोषणा भएका छन्।

# एक सय एक वर्षिया बयोबृद्धालाई ब्लायङकेट प्रदान

**दैनिक समाचारदाता**
**राजविराज, २८ पुस।**

सप्तरीको छिन्नमस्ता गाउपालिका ५ लोखरम निवासी अतिबिपन्न, भुमिहीन तथा घरवारविहीन १ सय १ बर्षिया रेशमीदेवी मरिकलाई जाडोबाट जोगिन ब्लायङकेट प्रदान गरिएको छ।



धर्मी हल्फा महिला विकास क्लव समेतका अध्यक्ष समाजसेवी ई सूर्यनारायण यादवले सो ब्लायङकेट प्रदान गरेका हुन्। उनका अनुसार संस्थाले विगत तीन बर्षदेखि ती डोम परिवारहरुलाई निरन्तर रुपमा जाडोमा जोगिन ब्लायङंकेट बितरण गर्दै आएको छ।


सूचना सूचना सूचना

यस आईडियल सहकारी संस्था लि. राजबिराजले आफ्ना शेयर सदस्य, खाताधारीहरुलाई दुर्घटना विमा निशुल्क गर्ने गइरहेकोले यथासिघ्र नजिक को सेवा केन्द्र वा मुख्य कार्यालय राजबिराजमा सर्म्पक गर्न अनुरोध गरिन्छ।

आईडियल सहकारी संस्था लि.
मूख्य कार्यालय राजबिराज-०४
फोन नं.०३१-५२१३९९

सेवा केन्द्र हनुमाननगर
फोन नं.०३१-५८०२७५

सेवा केन्द्र पातो बाजार
मो.नं.९८०१५६१९३०


## प्रदेश नं. २ मा ...

८८ बराबरको बिगो माग दाबी गरिएको छ। प्रतिवादी बनाइएकामध्ये अधिकृत तहका कर्मचारी २५६, सहायक, सहयोगी कर्मचारी ३८४, निर्वाचित एवं मनोनित पदाधिकारी ९५, विचौलिया १५९ रहेका छन्। राष्ट्रसेवक कर्मचारीको तलबमान कम भएका कारण भ्रष्टाचार बढेको भन्दै कर्मचारीको तलब वृद्धि गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सरकारलाई सुझाव दिएको छ।

आयोगले विद्यमान निर्वाचन प्रणालीले भ्रष्टाचार बढाएको निष्कर्ष निकाल्दै त्यसमा सुधारको आवश्यकता औँल्याएको छ। खर्चिलो निर्वाचन प्रणालीका कारण निर्वाचनपश्चात् महङ्गी बढ्नुका साथै भ्रष्टाचारसमेत बढ्नसक्ने तथ्य औँल्याइएको छ। भ्रष्टाचार न्यूनीकरणका लागि खर्चिलो निर्वाचन प्रणालीमा पुनरावलोकन आवश्यक रहेको छ। निर्वाचनका प्रमुख सरोकारवाला संस्था, राजनीतिक दल एवं स्वतन्त्र उम्मेदवारले प्राप्त गर्ने चन्दा र अन्य आय बैंकिङ प्रणालीबाट मात्र लिने व्यवस्था मिलाई आयव्यय बैंकिङ प्रणालीमा आवद्ध गरी पारदर्शिता कामय गर्नुपर्ने आयोगको सुझाव छ।

यस्तै राष्ट्रसेवक कर्मचारीको तलबमान कम हुँदा भ्रष्टाचार नियन्त्रणमा कठिनाइ भएको आयोगको ठहर छ। सरकारलाई ८१ वटा सुझाव दिँदै आयोगले राष्ट्रसेवक कर्मचारीको तलबमानमा पुनरावलोकन गर्न सुझाव दिएको हो। मूल्य वृद्धि तथा खर्चभन्दा आम्दानी कम भएका कारण राष्ट्रसेवक कर्मचारीले घुस लिने गरेका भन्दै तलबमानमा वृद्धि भए भ्रष्टाचार नियन्त्रणमा सहयोग पुग्ने आयोगको ठहर छ।

## राष्ट्रिय सभाको ...

लागि विश्वासको साथ ठोस आधारको साथ ठोस सम्झौताको साथ अगाडी दिनमा नेकपासँग अन्य सम्झौता गरी मधेशको हित हुने तथा राजपा प्रति जनताको विश्वास अझै प्रबल हुने तथा नेकपा माथि मधेशमा अविश्वासको धरातल विस्तारै हट्दै जाने बुद्धिजिवीहरुको तर्क रहेको छ।

राष्ट्रिय सभामा दुई दाजुभाई बीच भई रहेको प्रतिस्पर्धा तथा भोलीका सहयात्री, समाजवादी राजपा बीच भईरहेको प्रतिस्पर्धा तथा मधेशी समाजभित्र उठिरहेको अड्कलवाजी जे होस्, मधेशी जनताले मधेशको हितमा आवाज उठाउने र लडाई लड्ने पार्टी र दलको समर्थनमा उभिरहेको छ। भोलीका दिनमा मधेशवादी पार्टीहरु कुनै पनि सम्झौता सहमति तथा मेलमिलापको सम्बन्धलाई अगाडी बढायो भने मधेशको भविष्य र अधिकारलाई सुनिश्चित राखी मात्र समझदारी हुनुपर्ने आम मधेशीको धारणा छ।

## उमा सिंहको ...

अक्षयकोषको स्थापना गर्ने भएको छ।

उपमहानगरपालिका प्रमुख लालकिशोर साहले कोषमा पाँच लाख प्रदान गरिने भिजिट मधेशद्वारा आइतबार जनकपुरमा आयोजित कार्यक्रममा जानकारी दिएका छन्।

उनले 'कर्मवीर योद्धा' सिंहको स्मृतिमा अक्षयकोष स्थापना गरिने जानकारी दिँदै स्वतन्त्र तथा निष्पक्ष रुपमा कलम चलाउनेलाई सम्मान प्रदान गरिने बताए। स्व. पत्रकार सिंहको २०६५ पुस २७ गते राति हत्या गरिएको थियो।


नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT



एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस्।
राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७


## सप्तरी र सिरहामा ...



ईलाका प्रहरी कार्यालय हनुमाननगरबाट खटिएको टोलिले विभिन्न व्यक्तिको घर आँगनमा लगाएको अवैध ती गाँजाका बोटहरु स्थानियको रोहबरमा आगो लगाई नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यस्तै सिरहाको गोलबजार नगरपालिका १ बैरीबानबाट प्रहरीले अवैध रुपमा झण्डै ५ सय गाँजाको बोटहरु फडान गरि नष्ट गरेको छ।

प्रहरी चौकी मुक्सार सिरहाबाट खटिएको प्रहरी टोलीले स्थानियहरुले खेतवारीमा रोपेका ती गाँजाका बोटहरु फडान गरि वडाअध्यक्ष देव बहादुर मगर, स्थानिय भद्रभलादमीहरु बुद्दिजिवीहरुको रोहवरमा नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।


दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित



छिन्नमस्ता डेरी उद्योग
सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ।



नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ। २४ औं घण्टा काउण्टर खुला रहनेछ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*